पोखरा महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

'3D' Design/Drawing निर्माण गरी प्रस्ताव पेश गर्ने सम्बन्धमा

प्रथम पटक सूचना प्रकाशन मिति : २०७९/०३/१३ गते

पोखराको प्रकृति, भू-बनोट, हिमदृश्यावली, धार्मिक, साँस्कृतिक, जनजीवन लगायतका विशिष्ट र मौलिक पहिचान झल्किने गरी वा पर्यटकीय शहर पोखरा भनी चिनाउने चिनो वा स्मारक (Monument) को '3D' Design/Drawing प्रतिस्पर्धात्मक विधिबाट निर्माण गरी प्रयोगमा ल्याउने प्रयोजनार्थ महानगरपालिकाको '3D' Design/Drawing निर्माण गर्न ईच्छुक व्यक्ति एवं संस्थाले देहाय बमोजिमका शर्तहरुको अधिनमा रही उक्त '3D' Design/Drawing गरी सो सम्बन्धी प्रस्ताव पोखरा महानगरपालिकाको कार्यालयमा मिति २०७९/०५/१२ गते सम्म कार्यालय समयभित्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

शर्तहरु :

१. '3D' Design/Drawing मा पोखराको प्रकृति, पर्यावरण, भू-संरचना, तालतलैया, हिमश्रृंखला, धार्मिक, साँस्कृतिक, जनजीवन लगायतका विशिष्ट र मौलिक पहिचान झल्किनु पर्नेछ ।

२. Design/Drawing अनुसार तयार गरिने संरचना कार्यान्वयन योग्य हुनुपर्नेछ । साथै पोखरा महानगरपालिका भित्रका पार्क/खुला स्थानमा निर्माण गर्न सकिने प्रकृतिको हुनुपर्नेछ ।

३. Design/Drawing अन्यत्रबाट नक्कल नगरिएको र मौलिक हुनुपर्नेछ ।

४. छनौट हुने Design/Drawing लाई प्रोत्साहन स्वरुप रु. २ लाख नगद पुरस्कार र कदर पत्र साथै द्वितीय र तृतीय हुने Design/Drawing लाई सान्त्वना स्वरुप क्रमशः रु. १ लाख तथा ५० हजार नगर पुरस्कार र कदर पत्र प्रदान गरी सम्मान गरिनेछ ।

५. यस सूचना सम्बन्धी अन्य शर्तहरु पोखरा महानगरपालिकाको Website: www.pokharamun.gov.np मा हेर्न सकिनेछ ।

.....
प्रमुख प्रशासकीय अधिकृत